# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ संख्या ४ मिति २०७९/१०/१५**


पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## पालुङटार नगरपालिका बजार व्यवस्थापन गर्न बनेको ऐन, २०७९

नगर सभाबाट स्वीकृत मितिः २०७९।१०।११

**प्रस्तावनाः** नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको प्रयोग गरी स्थानीय बजारलाई व्यवस्थित गर्दै नगरवासीका दैनिक उपभोग्य वस्तुहरु, घरायसी प्रयोगका वस्तुहरु सर्वसुलभ ढङ्गले बिक्री वितरण र खरिद गर्ने अवस्था सिर्जना गर्न, बजारलाई सफा, सुग्घर, सुन्दर राख्ने काम सहज बनाउन, बजारमा गुणस्तरीय सामानको आपूर्ति प्रणालीलाई व्यवस्था गरी मानव हितको लागी उपयोगी बनाउने, तिनको गुणस्तर मापन गरी गुणस्तर नियन्त्रण गर्नु पर्ने आवश्यकता भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पालुङटार नगरपालिका बजार व्यवस्थापन ऐन २०७९" रहेको छ ।

(२) यो ऐन पालुङटार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अनुगमन समिति” भन्नाले पालुङटार नगरपालिकाको बजार अनुगमन कार्यविधि बमोजिम गठन भएको बजार अनुगमन समिति सम्झनु पर्छ ।

(ख) “कालो बजारी” भन्नाले खाद्यान्न, घरायसी प्रयोगका सामाग्री र औषधीजन्य वस्तुहरुको कृत्रिम अभाव खडा गरी कानुनले तोकेको नाफा भन्दा बढी मूल्य लिई बिक्री गरिने कार्य सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “तोकिएको ठाउँ” भन्नाले नगरपालिकाले व्यापार, व्यवसाय, उद्योग सञ्चालन गर्नको लागी निर्धारण गरेको स्थान सम्झनु पर्छ ।

(ङ) “तोकिएको विवरण” भन्नाले नगरपालिकाले पसल स्थापना गर्दा बिक्री गर्न अनुमति प्रदान गरेको विषय सम्झनु पर्छ ।

(च) “नगरपालिका” भन्नाले पालुङटार नगरपालिका सम्झनु पर्छ ।

(छ) “नामसारी” भन्नाले विधिवत रुपमा एउटा व्यक्ति वा कम्पनी वा फर्मका नाममा दर्ता भएकोमा अर्को व्यक्तिका नाममा हक हस्तान्तरण भई जाने प्रक्रिया सम्झनु पर्छ ।

(ज) “प्रतिबन्धित” भन्नाले कानुनले मान्यता नदिएको स्थान, खाद्य पदार्थ र औषधी/विषादी सम्झनु पर्छ ।

(झ) “व्यवसाय” भन्नाले व्यक्तिगत, सामूहिक तथा साझेदारीका रुपमा कम्पनी, फर्म वा संस्था दर्ता गरी सो मार्फत यो ऐन तथा अन्य प्रचालित कानुन बमोजिम गरिने सबै प्रकारका उत्पादनमूलक उद्योग, माल सामान खरिद बिक्री गर्ने थोक तथा खुद्रा पसलहरु, सेवामूलक तथा स्वास्थ्यमूलक क्लिनिक, औषधी पसलहरु

तथा अस्पतालहरु, फलफूल, तरकारी तथा मासुजन्य उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) "सभा" भन्नाले पालुङटार नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

## परिच्छेद २

## दर्ता, नामसारी, दर्ता खारेजी तथा स्थान निर्धारण

**३. दर्ता सम्बन्धी प्रक्रिया :** (१) नगरपालिका क्षेत्र भित्र कुनै पनि प्रकारका उद्योग, स्वास्थ्य क्लिनिक, अस्पताल, व्यापार व्यवसाय तथा सेवा प्रदायक व्यवसायहरु नगरपालिकाको स्वीकृति र दर्ता बिना सञ्चालन गर्न पाइने छैन ।

(२) उद्योग धन्दा, पसल, स्वास्थ्य क्लिनिक वा अन्य व्यवसाय गर्ने व्यक्ति, फर्म, कम्पनीले दर्ताका लागी तोकिएको ढाँचाको आवेदन फाराम भरी पेश गर्नु पर्नेछ ।

(३) यसरी पेश भएको फाराम उपर सम्बन्धित अधिकारीले छानविन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ताको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(४) दर्ता गर्न नमिल्ने भएमा सो को कारण सहित जानकारी गराउनु पर्नेछ ।

**४. तोकिएको ठाउँ र तोकिएको विवरण बाहेकमा व्यवसाय सञ्चालन र बिक्री वितरण गर्न बन्देज :** सामान्यतया सामानको अवस्था, त्यसले पार्ने वातावरणीय प्रभाव, ट्राफिक व्यवस्था, फोहोर मैला उत्पादन, मानव स्वास्थ्यलाई प्रतिकुल असर पर्ने जस्ता विषयलाई मध्यनजर गरी खास प्रकारका उपभोग्य तथा व्यवसायिक सामान राखेर बिक्री वितरण गर्न पाइने भन्ने विषय तोकिए बमोजिम हुनेछ ।

**५. दर्ता नवीकरण :** नगर कार्यपालिकाको कार्यालयबाट दर्ता गरिएको उद्योग व्यवसाय तोकिए बमोजिमको शुल्क लिई दर्ता र नवीकरण गर्नु पर्नेछ । तर विदेशी नागरिकको हकमा व्यवसाय सञ्चालन अनुमति दिँदा दर्ता र नवीकरण शुल्क फरक हुन सक्नेछ ।

**६. दर्ता खारेजी :** (१) देहायको अवस्थामा कुनै पनि फर्म, कम्पनी, उद्योग, व्यवसाय, क्लिनिक, पसलको दर्ता खारेजी गरी सार्वजनिक सूचना मार्फत जनाकारी गराइने छ :-

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) दर्ता गरिएको अनुसार काम नगरेमा,

(ग) पटक पटक सचेत गराउँदा पनि म्याद नाघेका मालवस्तु बिक्री वितरण गरेको पाइएमा,

(घ) दर्ता गरेको एक वर्ष भित्रमा पनि व्यवसाय र उद्योग सञ्चालन नगरेमा,

(ङ) तोकिएको स्थानभन्दा अन्य ठाउँमा पसल राखी सञ्चालन गरेमा,

(२) दर्ता खारेजी गर्नु अघि सुनुवाइको मौका प्रदान गरिने छ ।

**७. नामसारी :** कुनै पनि पसल व्यवसाय, उद्योग, बिक्री गरी वा सोको सञ्चालक वा प्रोप्राइटरको निधन भई नामसारी गर्नु पर्ने भए तोकिएको ढाँचामा फाराम भरी नामसारीको आवेदन गर्नु पर्नेछ । यसरी आएको आवेदन उपर छानविन र अध्ययन गरी अधिकार प्राप्त अधिकारीले नामसारी गरी दिनु पर्नेछ । तर नियमित नवीकरण नगरिएको र तोकिएको ठाउँमा व्यवसाय सञ्चालन नगरेको फर्म, पसल, क्लिनिक, कम्पनी र उद्योग व्यवसायको नामसारी गरिने छैन ।

**८. उद्योग, पसल, फर्म, स्वास्थ्य क्लिनिक वा व्यवसायको लागि स्थान निर्धारण :** (१) सामान्यतया नगरपालिकाले पसल, उद्योग, व्यवसाय, क्लिनिक, अस्पताल सञ्चालनका लागि स्थान निर्धारण गर्न सक्नेछ । स्थान निर्धारण गर्दा सम्भव भएसम्म एकै प्रकारका फर्म, पसल, क्लिनिक, कम्पनी र उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्न अनुमति दिइने छ ।

(२) स्थान निर्धारण प्रक्रियाः स्थान निर्धारण प्रक्रिया देहाय बमोजिमको हुनेछ :-

(क) स्थान छनोटका लागि समिति गठन गरी त्यसको प्रतिवेदनको आधारमा स्थानको छनोट गरिने छ ।

(ख) स्थान निर्धारण गर्दा विद्युत, पिउने पानी, शौचालय, फोहोर मैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो आदिको ध्यान दिनुपर्छ ।

**९. उद्योग/फर्म/पसल सञ्चालनमा प्रतिबन्ध :** (१) निम्न स्थानमा निम्न अनुसारका पसल, उद्योग, फर्म, सञ्चालन गर्न अनुमति दिइने छैन :-

(क) मठ, मन्दिर, सार्वजनिक तथा धार्मिक स्थल आसपास १०० मिटर भित्र धुम्रपान, मद्यपान, मदिरा, ग्रिल उद्योग, फर्निचर उद्योग, ठूला आवाज आउने व्यवसायहरु, माछामासु पसलहरु राख्न पाइने छैन ।

(ख) अस्पतालको १०० मिटर आसपास मद्यपान, मदिरा, ग्रिल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवसायहरु, माछामासु पसलहरु राख्न पाइने छैन ।

(ग) विद्यालयको २०० मिटर आसपास धूम्रपान, मद्यपान, मदिरा, ग्रिल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवसायहरु, माछामासु पसलहरु राख्न पाइने छैन ।

(घ) खुल्ला रुपमा पशुपक्षी बधशाला राख्न पाइने छैन ।

(२) मन्दिर, अस्पताल वा विद्यालय आसपासमा अनुमति नलिई उल्लेखित कार्य गरे कारबाही हुनेछ ।

(३) बैंक, वित्तीय संस्था, ठूला सपिङ्ग मलहरुले व्यवसाय सञ्चालन गर्दा पार्किङ्गको अनिवार्य व्यवस्था गरेको हुनु पर्दछ ।

## परिच्छेद ३

## अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

**१०. अनुगमन समितिको गठन सम्बन्धी व्यवस्था :** (१) बजारलाई नियमित अनुगमन गर्न पालुङटार नगरपालिकाको बजार अनुगमन कार्यविधि अनुसार अनुगमन समिति गठन गरिने छ ।

**११. बजार अनुगमन समितिको समायवधि :** अनुगमन समितिको कार्यावधि २ वर्षको हुनेछ । नगरपालिकाले उचित ठानेमा सोहि समितिलाई अर्को एक कार्यावधि थप गर्न सक्नेछ ।

**१२. बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार नगरपालिकाको बजार अनुगमन निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

**१३. अनुगमन क्षेत्र र विषय :** (१) अनुगमन समितिले तपसिलका विषयहरुमा अनुगमन गर्नु पर्नेछ :-

(क) बजारमा बेचबिखन गरिने उपभोग्य तथा व्यवसायिक सामान, खाद्य पदार्थको गुणस्तर,

(ख) खाद्यान्न, पेय पदार्थ, औषधीहरुको उपयोग गर्ने समय सिमा,

(ग) प्रतिबन्धित औषधी, विषादी बिक्री तथा प्रयोग,

(घ) निर्धारित मूल्य सूची,

(ङ) प्रतिबन्धित ठाउँमा राखिएको र खोलिएको पसलहरु,

(च) फुटपाथमा बिक्री गरिने खाद्य पदार्थको गुणस्तर,

(छ) कार्यपालिकाद्वारा अनुमति प्रदान गरेका उत्पादित पेय तथा खाद्य पदार्थको गुणस्तर,

(ज) उपभोग्य तथा व्यवसायिक सामानको अभाव, कालो बजारी आदि,

(झ) खाद्य पदार्थको उपयोग समय सिमा,

(ञ) प्रत्येक उत्पादित सामानमा प्रत्येक समयको उपभोग्य मिति प्रष्टसँग उल्लेख गरिएको हुनु पर्नेछ ।

**१४. अनुगमन प्रक्रिया :** सामान्यतया अनुगमनको लागि निम्न तरिका अवलम्बन गरिने छ :-

(क) खुल्ला अनुगमन : सार्वजानिक जानकारी गराई वा विना जानकारी,

(ख) गोप्य अनुगमनः जुनसुकै बखत

(ग) आकस्मिक अनुगमनः आवश्यकता अनुसार आकस्मिक रुपमा पनि अनुगमन गर्न सकिने छ ।

**१५. गोपनीयता :** (१) अनुगमन गर्दा प्राप्त भएका कमि कमजोरीहरु व्यक्ति, पसल, फर्म, कम्पनी, उद्योग व्यवसायको नाम नतोकी सर्वसाधारणको जनाकारीका लागी कुनै पनि सञ्चार माध्यमबाट सार्वजनिक गर्न सकिने छ । तर नगरपालिकाद्वारा कारवाही गरिएका, दर्ता खारेज गरिएका, जरिवाना गरिएकाहरुको हकमा भने सञ्चार माध्यम मार्फत नाम तोकेरै सार्वजनिक गर्न सकिने छ ।

(२) बाहिर सार्वजानिक रुपमा सूचना दिने भनिएका विषय बाहेक अरु कुनै पनि सूचना चुहावट गर्न पाइने छैन । कसै प्रति पूर्वाग्रह लिने, अनुचित लाभ लिने गरी सूचना चुहावट गरे त्यस्ता व्यक्तिलाई यसै ऐन अनुरुप कारबाही हुनेछ ।

**१६. अनुगमन मुचुल्का तथा अभिलेख :** (१) अनुगमन गर्दा देखिएका कमि कमजोरीहरुको अभिलेख ( सूची) बनाउनु पर्नेछ । म्याद नाघेका माल सामान, खाद्य पदार्थ तथा औषधीहरु, मिसावट खाद्य पदार्थहरु, प्रतिबन्धित औषधी, गुणस्तरहीन खाद्य पदार्थहरुको अलग अलग मुचुल्का बनाउनु पर्नेछ । मुचुल्काको साथमा छायाँ चित्र लिनु पर्नेछ । अनुगमनका लागि तोकिएको फाराम अनुसुची १ बमोजिम हुनेछ ।

(२) उल्लेखित कार्य नगरेको भनी व्यवसायीले जिकिर लिएमा जाँच वा प्रमाणका लागि चाहिने आवश्यक मात्रा राखी त्यसको छुट्टै मुचुल्का खडा गरी जाँच गर्नु पर्नेछ ।

(३) निर्विवाद रुपमा नष्ट गर्नु पर्ने देखिएका बमोजिमका वस्तुहरु प्रहरी तथा सम्भव भएसम्म स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि र भद्रभलादमी राखी नष्ट गर्नु पर्नेछ । तर विवादित वस्तुहरु जाँच भई नआएसम्म नष्ट गर्न पाइने छैन ।

(४) अनुगमनका लागी मुचुल्काको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

**१७. अनुगमनको स्टिकर :** (१) अनुगमन पश्चात प्रत्येक पसल, उद्योग, फर्म, कम्पनीमा निम्न अनुसारको स्टिकर सबैले देख्ने स्थानमा टाँस गरिने छ :-

(क) हरियो स्टिकर (गोलो भित्र “धन्यवाद”): कुनै खराबी र कमजोरी नपाइएमा,

(ख) रातो स्टिकरः (गोलो भित्र “सचेत रहनु होला”): त्रुटि सच्याउन पर्ने देखिएमा,

(ग) कालो स्टिकरः (गोलो भित्र “आइन्दा गल्ती नगर्नु होला”) सजाय गर्नु पर्ने हकमा,

(घ) पहेलो स्टिकरः (गोलो भित्र “दर्ता प्रक्रियामा सामेल हुनु होला”): दर्ता नगरि सञ्चालन गरिएका उद्योग व्यवसायको हकमा,

(२) कारबाही भई पुनः व्यवसाय सञ्चालन गर्न अनुमति भएमा वा त्रुटि सच्याए पश्चात भने हरियो स्टिकर टाँसिने छ ।

## परिच्छेद ४

## थोक तथा खुद्रा मूल्य सूची निर्धारण समिति सम्बन्धमा व्यवस्था

**१८. थोक तथा खुद्रा मूल्य सूची सम्बन्धी व्यवस्था :** (१) बजारमा बिक्रीमा राखिएका फलफूल, तरकारी, गल्ला किराना, कस्मेटिक सामानको अनिवार्य मूल्य सूची सार्वजनिक गरेर मात्र बेचबिखन गर्न पाइने छ । मूल्य सूची नराखी बेचविखन गरेको पाइएमा यसै ऐन बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) मूल्य सूची अवधिः देहायको पसलमा देहाय बमोजिमको मूल्य सूची राख्ने समय सीमा निर्धारण गरिएको छ :-

(क) सागसब्जी तथा फलफुल प्रत्येक ७/७ दिनमा,

(ख) गल्ला किनारा पसल प्रत्येक ३०/३० दिनमा,

(ग) कस्मेटिक सामानमा वस्तुको मूल्य स्टिकरमा राखी बिक्री गर्नु पर्नेछ ।

(घ) एक दामको पसलमा एकलटमा खरिद भएका सामान बिक्री पश्चात पुनः मूल्य निर्धारण गर्नु पर्नेछ ।

**१९. मूल्य सूची निर्धारण समिति :** बिक्रीमा राखिएका माल सामानको बिक्री मूल्य निर्धारण गर्न देहाय बमोजिमको प्रतिनिधित्व हुने मूल्य सूची निर्धारण समिति गठन गरिने छ :-

(क) फलफुल तरकारी पसलका लागि :-

१. तरकारी, फलफुलको थोक वा खुद्रा बिक्रेता मध्येबाट एक जना - संयोजक

२. तरकारी, फलफुलको खुद्रा बिक्रेता मध्येबाट १ जना - सदस्य

३. लिगलिग पालुङटार उद्योग बाणिज्य संघ पालुङटार, गोरखाले तोकेको प्रतिनिधि १ जना - सदस्य

४. उपभोक्ता मध्येबाट १ जना - सदस्य

५. कार्यपालिकाले तोकेको कर्मचारी १ जना - सदस्य सचिव

(ख) किनारा पसलका लागी :-

१. थोक वा खुद्रा बिक्रेता मध्येबाट १ जना - संयोजक

२. खुद्रा बिक्रेता मध्येबाट १ जना - सदस्य

३. लिगलिग पालुङटार उद्योग बाणिज्य संघ पालुङटार, गोरखाले तोकेको प्रतिनिधि १ जना - सदस्य

४. उपभोक्ता मध्येबाट १जना - सदस्य

५. कार्यपालिकाले तोकेको कर्मचारी १ जना - सदस्य सचिव

(ग) कस्मेटिक सामान र एक दाम (Fix Rate) सामानको लागि बिक्रेता स्वयंले बिल अनुसार मूल्य स्टिकर टाँस्ने छन् ।

(घ) खासखास बेलामा मात्र मूल्य निर्धारण गर्नु पर्ने पसल जस्तैः माछा, मासु, अण्डा बिक्रीका लागि ।

(ङ) माछा, अण्डा र मासुको लागि :-

१. माछा, अण्डा र मासु बिक्रेता मध्ये १ जना - संयोजक

२. लिगलिग पालुङटार उद्योग बाणिज्य संघ पालुङटार, गोरखाले तोकेको प्रतिनिधि १ जना - सदस्य

३. सम्बन्धित विषयको विज्ञ १ जना - सदस्य

४. उपभोक्ता मध्येबाट १ जना - सदस्य

५. कार्यपालिकाले तोकेको कर्मचारी १ जना - सदस्य सचिव

(च) उपभोक्ता समितिले निर्धारण गरेको मूल्य सार्वजनिक रुपमा सबैले देख्ने गरी बोर्डमा लेख्नु पर्नेछ । त्यसको एक प्रति नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**२०. मूल्य सूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार :** (१) मूल्य सूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ :-

(क) मूल्य सूची राखे नराखेको निरीक्षण गर्ने,

(ख) मूल्य सूची निर्धारण गर्ने,

(ग) मूल्य सूची नराखेको भए राख्न लगाई नियमित गर्ने,

(घ) बिक्रेता आफैले मूल्य सूची टाँस्न पाउने कस्मेटिक र एक दर भएका पसलका सामानको बिल अनुसार निश्चित नाफा राखी मूल्य सूचीको स्टिकर टाँसे नटाँसेको निरीक्षण गर्ने । साथै सोही बमोजिम स्टिकर टाँस्न लगाउने,

(ङ) स्टिकर नटाँसेमा सचेत गर्ने, पुनः सो कार्य दोहोऱ्याएमा कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

**२१. मूल्य सूची निर्धारण समितिको कार्यकाल** : (१) मूल्य सूची निर्धारण समितिको कार्यकाल २ वर्षको हुनेछ ।

(२) नगरपालिकाले आवश्यक ठानेमा एक कार्यकाल थप गर्न सक्नेछ ।

## परिच्छेद ५

## दण्ड, सजाय र पुनरावेदन

**२२. दण्ड सजाय :** (१) कुनै पनि व्यापारी, कम्पनी, फर्म, क्लिनिक, अस्पताल, उद्योग आदिलाई देहायको अवस्थामा देहाय बमोजिमको दण्ड सजाय हुनेछ :-

(क) दर्ता अनुमति नलिई फर्म, कम्पनी, पसल वा अन्य व्यवसाय सञ्चालन गरेमा रु.२५००।-,

(ख) दर्ता अनुमति नलिई उद्योग सञ्चालन गरेमा रु.५,०००।-,

(ग) तोकिएको स्थानमा वा अनुमति लिएको स्थान भन्दा अलग स्थानमा व्यवसाय गरेमा रु.१,०००।-,

(घ) म्याद नाघेको उपभोग्य तथा व्यवसायिक सामान बिक्री गरेमा:

(१) पहिलो पटक सचेत पत्र,

(२) दोस्रो पटक भए रु.१,०००।- देखि रु.५,०००।- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना,

(३) पुनः दोहोरिएमा दर्ता खारेजी गरी दर्ता खारेजीमा परेका व्यवसायलाई पुनः सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन ।

(ङ) गुणस्तरहीन खाद्य पदार्थ बिक्री गरेमा :-

(१) पहिलो पटक सचेत पत्र,

(२) दोस्रो पटक भए रु.१,०००।- देखि रु.५,०००।- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना,

(३) पुनः दोहोरिएमा दर्ता खारेजी गरी दर्ता खारेजीमा परेका व्यवसायलाई पुनः सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन ।

(च) प्रतिबन्धित औषधी बिक्री गरेमा :-

(१) पहिलो पटक रु.५,०००।-,

(२) दोस्रो पटक भए रु.२०,०००।-,

(३) तेस्रो पटक भए जरिवाना सहित दर्ता खारेजी ।

(छ) खाद्य पदार्थमा अखाद्य पदार्थ मिसाई बिक्री गरेमा वा मानव स्वास्थ्यका हिसाबले मिसावट गर्न नहुने पदार्थ मिसावट गरी बिक्री गरेमा :-

(१) पहिलो पटक सचेत गराउने,

(२) दोस्रो पटक भए मिसावटको अवस्था मानव सेवा स्वास्थ्यको प्रतिकूलता हेरी रु.१,०००।- देखि रु.५,०००।- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना गर्ने,

(३) तेस्रो पटक भए रु.१०,०००।- जरिवाना गर्ने,

(४) चौथो पटक भए पसल उद्योग व्यवसाय दर्ता खारेजी गर्ने ।

(ज) अनुसूची ३ मा उल्लेख भए बमोजिम खाद्य पदार्थ अखाद्य वस्तु मिसाई बेचबिखन गरेमा :-

(१) पहिलो पटक सचेत गराउने,

(२) दोस्रो पटक भए रु.१,०००।- देखि रु.५,०००।- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना गर्ने,

(३) तेस्रो पटक जरिवाना सहित दर्ता खारेजी गर्ने ।

(झ) गाई, गोरु, कुकुर, बिराला र संघीय तथा प्रदेश कानुनले निषेध गरेका र संरक्षणको सूचीमा राखिएका पशुपक्षी, जलचरहरु बध गरी बिक्री वितरण गरिएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही चलाउन प्रहरीलाई लेखी पठाउने ।

(ञ) मूल्य सूची नराखेमा वा मूल्य सूचीभन्दा बढी मूल्यमा बिक्री वितरण गरिएको पाइएम :-

(१) पहिलो पटक जरिवाना रु.१,०००।-,

(२) दोस्रो पटक जरिवाना रु.२,०००।-,

(३) तेस्रो पटक जरिवाना रु.३,०००।-,

(४) तीन पटक जरिवाना गर्दा समेत अटेर गरेमा दर्ता खारेजी सम्बन्धी प्रक्रिया अगाडि बढाउने ।

(ट) सजाय गर्नु अघि अनुगमन समितिले खडा गरेको मुचुल्कामा उल्लेखित वस्तुहरुको जाँच वा प्रमाण राखिएकोमा जाँच भई आएको कागज प्रमाण र वस्तुलाई समेत आधार बनाउनु पर्नेछ ।

(ठ) जरिवाना गर्नु अगाडि सचेत गराउनु पर्नेछ । सचेत गर्दा पनि अटेर गरे माथि उल्लेख भए बमोजिम मूल्य निर्धारण समितिले सजाय सिफारिस गर्नु अगाडि स्पष्टीकरण सोधी सफाईको मौका दिइने छ ।

(ड) दर्ता खारेज गुर्न पर्ने देखिएमा नगरपालिकाले सम्बन्धित पक्षलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**२३. क्षतिपूर्ति सम्बन्धी :** (१) यस ऐन तथा प्रचलित ऐनमा प्रतिबन्धित कार्य गरेका कारण कुनै पक्षलाई हानी नोक्सानी पुगेमा समितिले हानि नोक्सानी पुऱ्याउने पक्षबाट उचित क्षतिपूर्ति समेत भराउन सक्नेछ ।

(२) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था छुट्टै कार्यविधि बनाई सो कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

**२४. अनुगमन समितिलाई कारवाही :** (१) देहायको अवस्थामा अनुगमन समितिलाई कारवाही हुनेछ :-

(क) अनुचित लाभका लागि कसैसँग नगद जिन्सी लिएको पाइएमा,

(ख) प्रतिबन्धित सूचना चुहावट गरेमा,

(ग) अधिकार क्षेत्रको भन्दा बाहिरको काम गरेमा,

(घ) दुःख दिने र वदलाको भावनाले काम गरेमा,

(२) समितिका सदस्यहरुलाई कारवाही गर्नु अघि सफाईको मौका दिइने छ ।

**२५. सजायका प्रकार र सजाय गर्ने निकाय :** (१) यस ऐन बमोजिम गठित अनुगमन समितिले सचेत गराउन सक्नेछ ।

(२) दण्ड, जरिवाना र दर्ता खारेजी नगर कार्यपालिकाको कार्यालयले गर्नेछ ।

**२६. कारवाही प्रक्रिया :** (१) अनुगमन समितिले लिखित रुपमा सचेत गराउने वा स्टिकर टाँस्ने कार्य गर्न सक्नेछ । सो कार्य गर्दा स्पष्टीकरण सोधिरहनु पर्ने छैन । तर सचेत गराउँदा पनि अटेर गरेमा लिखित स्पष्टीकरण सोधी थप कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(२) दण्ड जरिवाना वा दर्ता खारेजी सम्बन्धी सजाय भने नगरपालिकाले मात्र गर्न पाउने छ । तर सजाय गर्नुभन्दा अगाडि मनासिव मात्रामा सुनुवाइको मौका प्रदान गर्नु पर्नेछ ।

(३) सजाय गर्दा अनुगमन समितिको प्रतिवेदन र रायलाई समेत आधार बनाएर मात्र नगरपालिकाले सजाय गर्नु पर्नेछ ।

**२७. पुनरावेदन सम्बन्धी व्यवस्था :** (१) अनुगमन समितिले सचेत गर्ने गरी टाँसेको स्टिकर, दिएको सचेत पत्र वा जरिवाना निर्णय उपर नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) नगरपालिकाले गरेको निर्णय उपर न्यायिक समिति समक्ष ३५ दिन भित्र पुनरावेदन गर्न सकिने छ । सो समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२८. नक्कल दिनु पर्ने :** कारवाही सम्बन्धी निर्णय मिसिल सरोकारवालाले माग गरेमा प्रति पाना रु.१०।- का दरले दस्तुर लिई नक्कल दिनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

**२९.** बैंक तथा वित्तीय संस्थाहरुले प्रत्येक आर्थिक वर्षको समय समाप्ति सँगै कर चुक्ताको प्रमाणपत्र लिने गरेकोमा अब उप्रान्त नगरपालिका र गोरखा उद्योग वाणिज्य संघमा सोको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

**३०. खारेजी र बचाउ :** यो ऐन लागू हुनुभन्दा अगाडि सञ्चालनमा रहेका व्यवसायहरु यसै ऐन अनुसार भए गरेको मानिने छ ।

**३१. नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको अधिनमा रही नगरपालिकाले नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ । यस अघि नगरपालिकाबाट निर्माण भएको बजार अनुगमन निर्देशिका २०७५ यसै ऐन बमोजिम भएको मानिने छ ।

**अनुसूची १**

**(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)**

**बजार अनुगमनका लागि तोकिएको फाराम**

व्यवसायको नाम :-

ठेगाना :-

बिक्रेता :-

किसिम :-

अनुगमनको मिति र समय :-

पहिलो/दोस्रो/तेस्रो अनुगमनमा प्राप्त त्रुटी (भएमा उल्लेख गर्ने) :-

अनुगमन पछिको सुझाव :-

प्रदान गरिएको स्टिकर :-

अनुगमनको प्रकार :- (आकस्मिक/नियमित)

यो अनुगमन मेरो उपस्थितिमा भएको हो, उपरोक्त विवरणको अनुगमनमा कसैको दवाव र प्रलोभनमा नपरी स्वतन्त्रपूर्वक दस्तखत गरिएको हो ।

नामथर :-

दस्तखत :-

प्रोपाइटर र बिक्रेताको नाम थर :-

ठेगाना :-

मिति :-

**अनुसूची २**

**(दफा १६ को उपदफा (४) सँग सम्बन्धित)**

**अनुगमन मुचुल्का**

गण्डकी प्रदेश, गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ...... बस्ने श्री ......................... को नाती श्री ............................................... को छोरा/छोरी/पत्नी वर्ष ....... को श्री ................................ को फर्म/पसल/उद्योग/व्यवसायको पालुङटार नगरपालिकाद्वारा गठित बजार अनुगमन समितिले मिति .......................... गतेका दिन अनुगमन गर्दा तपसिल अनुसारको कैफियत देखिन आएकोले यो मुचुल्का उठाइएको छ । देखिएका कैफियतहरु यथासमयमा सुधार गर्ने निर्देशन गरिन्छ । यो मुचुल्का मेरो उपस्थितिमा उठाइएको हो । यसमा लेखिएको विवरण झुठ्ठा छैन ।

अनुगमनमा देखिन आएका कमि कमजोरी र त्रुटीहरु :

१.

२.

३.

अनुगमन समितको तर्फबाट दस्तखत :

१. संयोजक/सदस्यको नाम थर :-

२. व्यवसायको नाम :-

३. व्यवसायको ठेगाना :-

४. सम्पर्क नं. :-

५. अन्य

**अनुसूची ३**

**(दफा २२ को उपदफा १(ज) सँग सम्बन्धित)**

**मिसावट गर्न प्रतिबन्ध**

देहायमा उल्लेख भए अनुसार कसैले पनि जुनसुकै कामको लागि मिसावट गर्न प्रतिबन्ध हुनेछ :-

१. नौनी वा खारेको घिउमा डाल्डा, केरा (कोला), पिंडालु, पिठो, विस्कुटजन्य पदार्थ मिसाएर बेच्ने,

२. तोरीको तेलमा आलस, चिउरी, पाम्प आदिको तेल मिसाएर बेच्ने,

३. मिठाई, पकौडा, पापड, जेरीमा अखाद्य रङ मिसाएर बेच्ने,

४. म्याद नाघेका विषादि औषधी, सेम्पु, पेय पदार्थ पुनः प्याक गर्न पुनः मिसावट गरी प्याक गर्न,

५. खसी बोकाको मासुमा बाख्राको मासु वा अन्य मासु मिसाई बिक्री गर्न,

६. वेसारमा पिठो र अन्य अखाद्य धूलो मिसाएर बेच्न,

७. दुधमा पाउडर दुध र मैदा घोलेर बेच्न,

८. पुरानो गेडागुडीमा नयाँ मिसाएर बेच्न,

९. दुधमा पानी मिसाएर बेच्न,

१०. चामलमा ढुङ्गा तथा अन्य अखाद्य वस्तु मिसाएर बेच्न,

११. गुणस्तरीय प्रमाणित वस्तुहरुमा गैर गुणस्तरीय अप्रमाणित वस्तु मिसाएर बेच्न ।

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत